## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २० अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिंग अनि कालेबुंग जिल्लाको विभिन्न स्थानहरुमा आज 33 औ नेपाली भाषा मान्यता दिवस भव्यताको साथमा पालन गरियो ।

२. विश्व स्वास्थ्य संगठनले मंकीपक्सलाई वैस्विक खतरा बताएपछि भारतको स्वास्थ्य मन्त्रालयले सम्पुर्ण अन्तर्राष्ट्रिय विमान स्थलहरुमा सतर्कता अपनाइ रहेको छ ।

३. पश्चिम बंगाल डाक्टर्स फोरमले कोलकातामा एकजना डाक्टरसित भएको बलात्कार एवं हत्याको मामिलामा उच्च न्यायलयको हस्तक्षेपलाई स्वागत जनाएको छ ।

४. कलकत्ता हाई कोर्टले आज पश्चिम बंगाल भाजपालाई कोलकताको श्याम बजार मेट्रो स्टेशन नजिक पाँच दिनसम्म धरना दिने अनुमति दिएको छ ।

५. खरसांग महकुमा अन्तरगत अम्बोटिया निवासी भिम राईलाई घर मरममतिका गर्नका लागि जिटिएका मुख्य कार्यपाल अनित थापाद्वारा 2 लाख रुपिया सहयोग राशी गरियो प्रदान ।

**भाषा दिवस**

दार्जीलिंग अनि कालेबुंग जिल्लाको विभिन्न स्थानहरुमा आज 33 औ नेपाली भाषा मान्यता दिवस भव्यताको साथमा पालन गरियो । यसक्रममा नेपाली साहित्य सम्मेलन दार्जीलिंगले सम्मेलनको भवनमा साहित्य सम्मेलनका अध्यक्ष सीके प्रधान र साहित्य सम्मेलनका महासचिव महेन्द्र प्रधानको उपस्थितिमा नेपाली भाषा मान्यता दिवस पालन गर्यो । आजको कार्यक्रममा प्रमुख अतिथिमा प्रेम प्रधान उपस्थित हुनुहुन्थ्यो । साहित्य सुनौ परिवार मिरिकले प्रेमचन्द ग्रामीण पुस्तकालयमा ३३ औ नेपाली भाषा मान्यता दिवस राजबहादुर राईको अध्यक्षतामा पालन गर्यो । कार्यक्रममा देवसान भएका भाषा संग्रामी अनि केही दिन अघि मात्र दिवाङ्गत भएका बरिष्ठ साहित्यकार हस्त नेचालीप्रति श्रद्धाञ्जली अर्पण गर्दै दुई मिनटको मौन धारण गरियो। कार्यक्रममा अध्यक्ष राजबहादुर राईले नेपाली भाषा मान्यता बारेमा अवगत गराउनु भयो। सालबारीका भाषा सचेतकहरुको पहलमा 37 भन्दा अधिक संग संस्थाको सहभागितामा 33 औ नेपाली भाषा मान्यता दिवस पालन गरेको छ । यस अवसरमा सालबारीमा एक विराट र्यालीको आयोजना गरेको थियो । घूम बाल प्राथमिक विद्यालयले ३३औं नेपाली भाषा मान्यता दिवस पालन गरेको जानकारी प्राप्त भएको छ। कार्यक्रममा प्रधान अध्यापक सांगे डुक्पाले नेपाली भाषाको संरक्षण र संवर्द्धनमा भाषा संग्रामीहरूको भूमिकाको स्मरण गर्नु हुदै कृतज्ञता व्यक्त गर्नु भयो । यसैबीच भानु उच्च विद्यालयए बाँसबोटेको आयोजनामा पनि ३३औं नेपाली भाषा मान्यता दिवस मनाएको छ। विद्यालयका प्रधानाध्यापक राम काम्बाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यार्थीहरूले भाषाए साहित्यए संगीतए कला अनि प्रकाशित पत्रपत्रिकाहरू विषयमा सुन्दर अनि रोचक ढंगमा लघु-शोध प्रस्तुत गरेका थिए।

****** ० ******

**गोर्खा जान पुस्तकालय**

भारतीय नेपाली गोर्खाहरूको सबैभन्दा पुरानो सामाजिक र साहित्यिक संस्था गोर्खा जन पुस्ताकालय खरसाङको आयोजनामा 33 औं भाषा मान्यता दिवस एव सम्मान अनि शैक्षिक योग्यता पुरस्कार अलङ्करण समारोह सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता पुस्तकालयको उप सभापति प्रकाश प्रधानले गर्नु भएको थियो भने वरिष्ठ साहित्यकार मिलन बान्तावा प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। गोमा सुब्बाद्वारा सञ्चालित कार्यक्रममा स्वागत सम्भाषण पुस्ताकालयको मूल सचिव विनोद रसाइलीले राख्नु भएको थियो। कार्यक्रममा सन्त अल्फन्सेस विद्यालय खरसाङका शिक्षक राजेन खवास श्प्रयासीश लाई पहिलो समर्पित शिक्षक सम्मानद्वारा सम्मानित गरियो भने माध्यमिकए उच्च माध्यमिकए स्नातक तह साथै गणितए जीव विज्ञान अनि पोलिटेक्निक कलेजमा उच्च अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरूलाई विभिन्न व्यक्तिहरूद्वारा प्रायोजित शैक्षिक योग्यता पुरस्कारहरू प्रदान गरिएको छ। कार्यक्रममा मुख्य अतिथिको रूपमा उपस्थित साहित्यकार मिलन बान्तावाले नेपाली भाषा र यसको मान्यता विषयमा वार्ता प्रस्तुत गर्नु भयो।

****** ० ******

**मंकी पक्स**

विश्व स्वास्थ्य संगठनले मंकी पक्सलाई वैश्विक खतरा बताए पछि भारतको स्वास्थ्य मंत्रालयले पनि सावधानी अपनाउँदै सबै अन्तराष्ट्रिय हवाई अड्डाहरूमा सतर्कता अपनाईरहेको छ।यो संक्रमण १२६ भन्दा बढ़ी देशहरूमा फैलिसकेको तथा कोरोनापछि यो अर्को वैश्विक स्वास्थ्य संकट हुन सक्ने डब्ल्यु.एच. ओ ले भनेको छ। यसैलाई ध्यानमा राख्दै दिल्ली अखिल भारतीय आयुर्विज्ञान संस्थान - एम्सले पनि मंकी पक्सका संक्रमित रोगीहरूको उपचारका लागि प्रोटोकल्स जारी गरेको छ। यसमा रोगीलाई ज्वरो, शरीरमा रहसेस अथा मंकीपक्स संक्रमित रोगी सित सम्पर्कमा आएकालाई तत्काल आइसोलेट गरी उपचार गर्ने निर्देश एम्सले जारी गरेको छ।

****** ० ******

**बंगाल डाक्टर फोरम**

पश्चिम बंगाल डाक्टर्स फोरमले कोलकातामा एकजना डाक्टरसित भएको बलात्कार एवं हत्याको मामिलामा उच्च न्यायलयको हस्तक्षेपलाई स्वागत जनाएको छ। संगठनको अनुसार ए यो कदम मेडिकल समुदायको हितमा छ। आज संगठनका एकजना सदस्यले सुरक्षा कर्मीहरुको सुरक्षा आवश्यक रहेको बताउनु हुदै हाल हड़ताल जारी रहने बताउनु भएको छ ८ तर उच्च न्यायलयको हड़ताल समाप्त गर्ने अपीललाई लिएर के-कस्तो कदम उठाउनु पर्ने हो त्यसबारे निश्चय पनि फसेला लिइने उहाले बताउनु भयो।कोलकातामा डाक्टरको बलत्कार अनि हत्याको मामिलालाई मध्यनजर गर्दै आज उच्च न्यायलयले डाक्टरहरूको सुरक्षा अनि सुविधा सुनिश्चित गर्नको लागि एक दश सदस्यीय कार्यबल गठन गरेको छ। यो कार्यबलले तीन हप्ताभित्रमा आफ्नो अन्तरिम रिपोर्ट तथा दुई महिनाभित्रमा अन्तिम रिपोर्ट सुम्पिनेछ। अर्कोतिर फेडरेशन अफ अल इण्डिया मेडिकल एसोसिएशन (फाइमा)- ले पनि चाँड़ै बैठक डाकिने बताएको छ।

****** ० ******

**कोलकता भाजपा धर्ना**

कलकत्ता हाई कोर्टले आज पश्चिम बंगाल भाजपालाई कोलकताको श्याम बजार मेट्रो स्टेशन नजिक पाँच दिनसम्म धरना दिने अनुमति दिएको छ। यो धरना २१ अगस्तदेखि शुरू हुनेछ जसमा डाक्टरको कथित बलात्कार अनि हत्याको विरोधमा प्रदर्शन गरिनेछ। आरजी कर मेडिकल कलेज एवं अस्पतालमा गत ६ अगस्तमा घटेको घटनाले सम्पूर्ण देशमा आक्रोश उत्पन्न गराएको छ। राज्यका वकिलले अदालत समक्ष धरना केवल एक दिन मात्र गर्न दिनुपर्ने विषयमा जोड दिनु भएको थियो ८ तथापी भाजपाका वकिलले अदालतसित छः दिनव्यापी धरना गर्ने माग गर्नु भएको थियो ८ अन्तमा न्यायमूर्ति राजर्षि भारद्वाजले दुवै पक्षका तर्कहरू सुनेपछि भाजपालाई पाँच दिनसम्म धरना दिने अनुमति दिनु भएको छ ८

****** ० ******

**भाषा मान्यता दिवस – राजनीतिक दल**

भाषा दिवसको अवसरमा गोर्खा जनमुक्ति मोर्चाले पार्टी अध्यक्ष विमल गुरुङको उपस्थितिमा दार्जीलिङए सिंहमारी स्थित सेक्रेड हार्ट चर्च भवनमा ३३ औं नेपाली भाषा मान्यता दिवस पालन गरेको जानकारी प्राप्त भएको छ। यसैबीच सिपिआरएम पार्टीले सरकारी कार्यालयहरुमा नेपाली भाषालाई प्रयोगमा ल्याउनु पर्ने माग गर्दै जिल्लापाललाई ज्ञापन पत्र सुम्पिएको पार्टीको पक्षबाट अरुण घतानीले जानकारी गराउनु भएको छ।

****** ० ******

**गोर्खा दुःख निवारक सम्मेलन**

33 औ नेपाली भाषा मान्यता दिवसको अवसरमा आज गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङ्गद्वारा प्रभुद्धानन्द तर्क प्रतियोगिता सम्पन्न गरियो। वरिष्ट अधिवक्ता प्रणय राई मुख्य अतिथिको रूपमा उपस्थित रहेको तर्क प्रतियोगितामा साउथ फिल्ड महावियालय अनि विजनबारी महाविद्यालयका विद्यार्थीहरू पक्ष अनि विपक्षमा रहेका थिए ८ तर्क प्रतियोगिताको विषय श्आर्टिफिसियल इन्टिलिजेन्स कृतिम बुद्धि मानव हितको निम्ति उपयोगी छश वा छैन' रहेको थियो। प्रतियोगितामा बिजनबारी महाविद्यालयका विद्यार्थीहरू विजय बन्न सक्षम भए ८

****** ० ******

**अनित थापा- सहयोग**

खरसांग महाकुम अन्तर्गत अम्बोटे चियाबारीको बसिरी गाँउमा भीम राईको घर वरको रुख ढलेर क्षतिग्रस्त भएको थियो। घटनापछि आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले पिडित भिम राईलाई घर मरममतिका गर्नका लागि 2 लाख रुपिया सहयोग राशी प्रदान गर्नु भएको छ ८स्मरण रहोसए गत 12 अगस्तको दिन जिटीएका मुख्य कार्यपाल अनित थापाले पिडित भिम राईको क्षतिग्रस्त भएको घरको स्थलगत निरीक्षण गर्नु हुदै घर मरम्म्तीका लागि सहयोग गर्ने वचन दिनु भएको थियो ८

****** ० ******

**आरजीकर दुष्कर्म – मिरिक**

मिरिक प्राथमिक स्वस्थ्य केन्द्रको आयोजनामा आज स्वस्थ्य सेवा कर्मचारीहरुको सुरक्षाको माग गर्दै एक जागरुकता रैलीको आयोजना गर्यो ।रर्यालीमा उपस्थित उपस्थित अस्पतालका डाक्टर, नर्सहरू अनि विभिन्न संग संस्थाका प्रतिनिधिवर्गले कोलकताको आरजी कर मेडिकल कलेजमा एक प्रसिक्षार्थी डाक्टरसित दुश्कर्म अनि हत्याको घटनालाई कसैले पनि सहन नसक्ने बताउदै घटनाको मुख्य आरोपीहरुलाई कठोर कार्वाही गर्नु पर्ने तथा पीडिताको परिवारलाई न्याय दिने माग गरेका छन्। यसैबीच सोही घटनाको प्रतिवाद गर्दै आज पोखरेबोङको ब्राइट हराइज एकाडमीले पनि शान्ति रैली निकाल्यो। पिडित पक्षले चाँडो भन्दा चाँडो उचित न्याँय पाउनु पर्ने पक्षमा बिधालयका शिक्षकबर्ग अनि विधार्थीहरुले माग गरेका छन् ।

****** ० ******

**भाजपा- बङ्गाल**

भारतीय जनता पार्टीले पश्चिम बङ्गाल सरकारले आरजी कर मेडिकल कलेज मामिलामा आरोपितहरू विरूद्ध कारबाही नगरेर निर्दोष मानिसहरूमाथि कारबाही गरिरहेको गरिरहेको आरोप लगाएको छ ८जसको कारणराज्यमा अपराधीहरू निडर बनेको भाजपाले बताएको छ।आज भाजपा मुख्यालयमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा डा. सुधान्शु त्रिवेदीले भन्नु भयो ए ममता ब्यानर्जी सरकारले आरजी कर कलेजका निदेशकसित सोधपुछ गर्नुपर्थ्योए तर राज्य सरकार तिनीहरू विरूद्ध कारबाही गरिरहेको छए जसले प्रश्न खड़ा गरिरहेका छन्। यो धेरै नै दुःखद घटना हो। उहाले भन्नु भयोए उल्टो तृणमूल कांग्रेसका नेताहरूले जनताको औंला भचाउने र परिणाम भोग्ने धम्की दिइरहेका छन्। पश्चिम बंगालमा संविधान संकटमा छ।

****** ० ******